# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- प्रतिवादी **जितेन्द्र प्रसाद कुर्मीले** घुस रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर गरेकोमा निज प्रतिवादी उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत **दिएको** रकम रु.२,००,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रकम रु.४,२६,५६०।-समेत गरी रु.६,२६,५६०।- (छ लाख छब्बीस हजार पाँच सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रु.२,००,०००।-(दुई लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी गरेको विगो रु.४,२६,५६०।-(चार लाख छब्बीस हजार पाँच सय साठी) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन;
- प्रतिवादी **राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर गरेको देखिन आएकोले निज प्रतिवादी राजेश्वर प्रसाद चौरसिया उपर दस्तुरको बहानामा घुस/रिसवत वापत प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीबाट **लिएको** रकम रु.२,००,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रकम रु.४,२६,५६०।- समेत गरी विगो रु.६,२६,५६०।- (छ लाख छब्बीस हजार पाँच सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानीनोक्सानी भएको बिगो ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन; र
- **प्रतिवादी नागेन्द्र प्रसादले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी नागेन्द्र प्रसादलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु.४,२६,५६०।-(चार लाख छब्बीस हजार पाँच सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानले अधिकारी समक्षको बयानमा लेखाएको रु.१४,०००।- मात्र रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखिएको।

- प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसाद उपर मतियारको दाबी रहेको देखिएकोमा निज प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीका सहोदर दाजुभाई भएको तथ्य निजहरुको पुस्तेवारीबाट बुझिएको। निजले बयान गर्दा प्रतिवादी राजेश्वर प्रसाद चौरासियाले के कुन आधारमा निज जितेन्द्र प्रसाद कुर्मीलाई सरुवा गरी नियुक्ति पत्रसमेत तयार गरी म कार्यरत विद्यालयमा हाजिर गराएका हुन् सो कुरा मलाई थाहा भएन र निजले काम गरेवापतको तलव भत्ता भुक्तानी गरेको हो भन्ने जिकिर गरेपनि आफ्नै भाईलाई शिक्षा अधिकृतले हाजिर गराउन वाध्य बनाउने तथ्य नै विश्वासप्रद देखिंदैन।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

क. प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले अनुसन्धानको क्रममा बयान गर्दा मैले नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय देउरबना पर्साको विज्ञापनमा निवेदन दिएर, छनौट परीक्षामा सहभागी भइ छनौट भइ नियुक्ति प्राप्त गरेको होइन। जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले म वेरोजगार भइ घरमा बसिरहेको अवस्थामा म जागिर दिलाईदिन्छु भनि विभिन्न प्रलोभन देखाइ निवेदन दस्तुर, अभिलेख दस्तुर जस्ता विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. २,००,०००।- रिसवत लिएर नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय देउरबना पर्साको नियुक्ति पत्र, जिल्ला शिक्षा कार्यालय पर्साको अभिलेख कायम गरी दरवन्दि सहित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जमुनिया पर्सामा सरुवा भएको पत्र मलाई दिइ नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जमुनियामा हाजिर गराउनु भएको हो भनी बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र जितेन्द्र प्रसाद कुर्मीले घुस/रिसवत लिएको/दिएको रकम रु.२,००,०००।-(दुई लाख) कायम गरी सजाय गर्नु पर्नेमा अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा निज स्वयंले प्रतिवादी नागेन्द्र प्रसादले दिएको भनी लेखाएको रु.१४,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी गरेको फैसला त्रुटीपुर्ण रहेको।

ख. अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरुले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुर्‍याउने भार निजहरुमा निहित हुनेमा निजहरुले कुनै प्रमाण पेश गर्न नसकेको देखिदा प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरसियालाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग. प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिम मुख्य कसूरदारलाई भएको सजायको आधा रु.७३,४२६।६६ जरिबाना र तीन महिना कैदको सजाय मात्र गरेको देखिँदा एकै व्यक्ति उपर समेत फैसला गर्दा एकरुपता कायम गरेको नदेखिएको हुँदा आरोपदावी भन्दा फरक हुने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता<br>
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. राजेश्वर प्रसाद चौरसिया, जितेन्द्र प्रसाद कुर्मी र नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसाद** (वि.अ. को मु.नं. **०७६-CR-००८३**) वि.अ. को फैसला मिति २०८०।०९।२२ ) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ति गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको** | प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले घुस रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर गरेकोमा निज प्रतिवादी जितेन्द्र प्रसाद कुर्मी उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु.२,००,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रकम रु.४,२६,५६०।- समेत गरी रु.६,२६,५६०।- (छ लाख छब्बीस हजार पाँच सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रु.२,००,०००।-(दुई लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानी नोक्सानी गरेको विगो रु.४,२६,५६०।—(चार लाख छब्बीस हजार पाँच सय साठी) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन माग दावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर गरेको देखिन आएकोले निज प्रतिवादी राजेश्वर प्रसाद चौरसिया उपर दस्तुरको बहानामा घुस/रिसवत वापत | **फैसलाः**<br>**प्रतिवादी राजेश्वर प्रसाद चौरासिया र जितेन्द्र प्रसाद कुर्मीले** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ तथा ३ को उपदफा (१) विपरीत कसूर गरेको देखिन आएकोले बिगोको हकमा तीनै जनाबाट जनही बिगो रु. १,४२,१८६।६६ असुल गरी प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरासियालाई सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जनही रिसवत समेतको बिगो बमोजिम जरिवाना रु.१,४६,८५३।३३ र ६ महिना कैदको सजाय हुने समेत ठहर्छ।**प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादको** हकमा निजको कसूर मतियारको हुँदा सोही ऐनको दफा २२ बमोजिम मुख्य कसूरदारलाई भएको सजायको आधा अर्थात् रु.७३,४२६ ६६ जरिबाना र तीन महिना कैदको सजाय हुने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन। निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी र विवरण पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीलाई श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जमुनियाँमा शिक्षक पदमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो,<br>**ख.** विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR-००८६, ०७६-CR-००८९, ०७६-CR-००९२ ०७६-CR-०१०३, ०७६-CR-०१०४, ०७६-CR-०१०६, ०७६-CR-०१०७ लगायतका मुद्दामा आफूले रकम | **क.** प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले अनुसन्धानको क्रममा बयान गर्दा मैले श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय देउरबना पर्साको विज्ञापनमा निवेदन दिएर, छनौट परीक्षामा सहभागी भइ छनौट भइ नियुक्ति प्राप्त गरेको होइन।जगरनाथपुर गाउँपालिकाका शिक्षा अधिकृत विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले म वेरोजगार भइ घरमा वसिरहेको अवस्थामा म जागिर दिलाईदिन्छु भनि विभिन्न प्रलोभन देखाइ निवेदन दस्तुर, अभिलेख दस्तुर जस्ता विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. २,००,०००।- रिसवत लिएर श्री नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय देउरबना पर्साको च.नं. १७ मिति २०७४।१।१ को नियुक्ति पत्र, जिल्ला शिक्षा कार्यालय पर्साको च.नं. ३२५ मिति २०७४।१।१७ को अभिलेख कायम गरी दरवन्दि सहित श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जमुनिया पर्सामा सरुवा भएको पत्र मलाई दिइ निज राजेश्वर प्रसाद चौरसिया आफैंले साथै लिएर गइ श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जमुनियामा हाजिर गराउनु भएको हो भनी बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र जितेन्द्र प्रसाद कुर्मीले घुस/रिसवत लिएको/दिएको रकम रु.२,००,०००।-(दुई लाख) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा निज स्वयंले प्रतिवादी नागेन्द्र प्रसादले दिएको भनी लेखाएको रु.१४,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसपतको बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेको कै अनुसन्धान अधिकारी समक्ष गरेको बयान नै देखिएकोमा स्वयम् प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. २,००,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र १४,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र जितेन्द्र प्रसाद कुर्मीको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. २,००,०००।— लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने।<br><br>**ख.** प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. २,००,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. २,००,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु जितेन्द्र प्रसाद कुर्मी र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीबाट लिएको रकम रु.२,००,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रकम रु.४,२६,५६०।- समेत गरी विगो रु.६,२६,५६०।- (छ लाख छब्बीस हजार पाँच सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रु.२,००,०००।-(दुई लाख) ऐ.को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानीनोक्सानी पुगेको विगो रु.४,२६,५६०।-(चार लाख छब्बीस हजार पाँच सय साठी) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन माग दावी लिईएको, प्रतिवादी नागेन्द्र प्रसादले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी नागेन्द्र प्रसादलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु.४,२६,५६०।-(चार लाख छब्बीस हजार पाँच सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी | लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ। तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा निज स्वयंले प्रतिवादी नागेन्द्र प्रसादले दिएको भनी लेखाएको रु.१४,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।<br>**ग.** प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादका उपर मतियारको दाबी रहेको देखिएकोमा निज प्रतिवादी जितेन्द्र प्रसाद कुर्मीका सहोदर दाजुभाई भएको तथ्य निजहरुको पुस्तेवारीबाट नै बुझिन्छ।आफ्नो भाईको अवस्था र स्थिति जानकारी नै हुन नसक्ने तथ्य मिसिलबाट देखिंदैन। निजले बयान गर्दा प्रतिवादी राजेश्वर प्रसाद चौरासियाले के कुन आधारमा निज जितेन्द्र प्रसाद कुर्मीलाई सरुवा गरी नियुक्ति पत्रसमेत तयार गरी म कार्यरत विद्यालयमा हाजिर गराएका हुन् सो कुरा मलाई थाहा भएन र निजले काम गरेवापतको तलव भत्ता भुक्तानी गरेको हो भन्ने जिकिर गरेपनि आफ्नै भाईलाई शिक्षा अधिकृतले हाजिर गराउन वाध्य बनाउने तथ्य नै विश्वासप्रद देखिंदैन । कसूरमा संलग्नता ठहर भएका प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा यीनै प्रतिवादीले आफूलाई रु. १४,००० । दिएको तथ्य लेखाएको पाईन्छ। भाईको स्थिति बुझ्न सक्ने अवस्थाका निजले नियुक्ति र सरुवा सम्बन्धमा कुनै सोधपुछ नै नगरी बहाल गराएको र तलव भत्ता भुक्तान गरेका हुँदा निजले अन्य प्रतिवादीहरुको कार्यमा सहयोगीको भूमिका निर्वाह गरेको तथ्य देखि आयो । | ग. प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादको हकमा बिगो तर्फको मागदावीमा रु.४,२६,५६०।- (चार लाख छब्बीस हजार पाँच सय साठी) बिगो कायम गर्ने तर्फ तीनै जना प्रतिवादीहरुबाट जनही बिगो रु. १,४२,१८६।६६ असुल गर्ने र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मुख्य कसूरदारलाई भएको सजायको आधा रु.७३,४२६।६६ जरिबाना र तीन महिना कैदको सजाय हुने भनी फैसला भएको देखिन्छ। प्रस्तुत मुद्दाको फैसलामा बिगोको हकमा मुख्य कसूरदारलाई हुने बिगो सरह नै प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादबाट असूल उपर भएको देखिन्छ भने सजाय गर्दा भने प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिम मुख्य कसूरदारलाई भएको सजायको आधा रु.७३,४२६।६६ जरिबाना र तीन महिना कैदको सजाय गरेको देखिन्छ। प्रतिवादी नागेन्द्र प्रसादलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा बमोजिम मुख्य कसूरदारलाई हुने सजाय सरह नै मतियारलाई सजाय गर्न मागदावी लिइएकोमा बिगो असूल उपर तर्फ मुख्य कसूरदारलाई भए सरह नै बिगो असूल उपर भएको देखिन्छ भने कैद तथा जरिवाना (सजाय) गर्दा आधा मात्र गरेको देखिदाँ एकै व्यक्ति उपर समेत फैसलामा गर्दा एकरुपता कायम गरेको नदेखिएको हुँदा प्रतिवादी नागेन्द्र पटेल भन्ने नागेन्द्र प्रसादलाई आरोपदावी बमोजिम नगरी आरोपदावी भन्दा फरक हुने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिईएको | | |